# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय


# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा विस्तृत मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १०.७ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा विस्तृत मुद्राप्रदाय १९.४ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ११.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ११.२ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा संकुचित मुद्राप्रदाय १४.८ प्रतिशतले वृद्धि भएको छ ।




२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १०९ अर्ब ५६ करोड (२३.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ५२ अर्ब ६९ करोड (१३.७ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहका साथै वैदेशिक सहायता रकममा उल्लेख्य वृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।


### आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा आन्तरिक कर्जा ७.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १०.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा सरकारतर्फको खुद दाबी उल्लेख्य रुपमा घट्न गएकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो । वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा यस्तो कर्जा १३.२ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १९.४ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १७.२ प्रतिशतले बढेको छ ।

## सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा १०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १.५ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा उक्त मुद्रा २४.४ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्ति बढेकोले सञ्चित मुद्रा बढेको हो।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति




५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १२.५ प्रतिशत (रु. १४८ अर्ब २३ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ९.८ प्रतिशत (रु. ९९ अर्ब १ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २०.३ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन १२.० प्रतिशतले, विकास बैंकहरुको २०.३ प्रतिशतले र वित्त कम्पनीहरुको ४.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ९.२ प्रतिशतले, विकास बैंकहरुको १०.९ प्रतिशतले र वित्त कम्पनीहरुको ४.५ प्रतिशतले बढेको थियो।

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १३.२ प्रतिशत (रु. १५१ अर्ब १५ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी १६.५ प्रतिशत (रु. १५९ अर्ब ५९ करोड) ले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी १२.८ प्रतिशतले, विकास बैंकहरुको २०.५ प्रतिशतले र वित्त कम्पनीहरुको ४.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी क्रमश: १६.० प्रतिशत, १३.१ प्रतिशत र ७.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १५.७ प्रतिशत (रु. १४७ अर्ब ४२ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.६ प्रतिशत (रु. १४४ अर्ब ८९ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७१ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १७.८ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १६.० प्रतिशतले र विकास बैंकहरुको २२.६ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा प्रवाह १.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निजी क्षेत्रमा प्रवाहित कर्जा १८.३ प्रतिशतले, विकास बैंकहरुको २१.१ प्रतिशतले र वित्त कम्पनीहरुको १७.६ प्रतिशतले बढेको थियो।

७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३९ अर्ब ३ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ३२ अर्ब १४ करोडले बढेको थियो। त्यसैगरी, समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३० अर्ब ६ करोडले बढेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा रु. २८ अर्ब ६४ करोडले बढेको थियो। समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. २० अर्ब ७२ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ८७ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. १२ अर्ब ७१ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको

कर्जा रु. ७ अर्ब ३२ करोडले बढेको थियो । समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ९ अर्ब ६९ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषि कर्जा रु. १० अर्ब ३७ करोडले बढेको थियो ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब १७ करोड खुद खरिद गरी रु. ३०९ अर्ब ३४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ७८ करोड खुद खरिद गरी रु. २४२ अर्ब ६३ करोडको खुद तरलता प्रवाह भएको थियो ।

९. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८० करोड बिक्री गरी रु. २७५ अर्ब ३४ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ८८ करोड बिक्री गरी रु. २५१ अर्ब ४७ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

१०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान अधिक तरलतालाई खुला बजार कारोबारमार्फत् प्रशोचन गरिएको छ । समीक्षा अवधिमा रिभर्स रिपोमार्फत् रु. ५२३ अर्ब ५० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको थियो ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


११. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १९३ अर्ब ७५ करोड र अन्य वित्तीय संस्थाहरु (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. १५५ अर्ब बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. ६७५ अर्ब २७ करोड र रु. १६३ अर्ब ४० करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।

## ब्याजदर

१२. २०७० जेठको तुलनामा २०७१ जेठमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा कमी आएको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठ महिनामा २.६७ प्रतिशत रहेकोमा २०७१ जेठमा महिनामा ०.१३ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको जेठमा १.३६ प्रतिशत रहेकोमा २०७१ जेठमा ०.१८ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० जेठमा ५.५४ प्रतिशत रहेकोमा २०७१ जेठमा २.२० प्रतिशत रहेको छ ।


१३. २०७१ जेठ महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ४.२२ प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर १०.८१ प्रतिशत रहेको छ । सो अनुसार कर्जा र निक्षेपबीचको ब्याजदर अन्तर ६.५९ प्रतिशत रहेको देखिन्छ । अघिल्लो महिनामा यस्तो अन्तर ६.५६ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ जेठ महिनामा ८.२३ प्रतिशत कायम हुन आएको छ । अघिल्लो महिना यस्तो दर ८.३१ प्रतिशत रहेको थियो ।

## धितोपत्र बजार




१४. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ८३.० प्रतिशतले वृद्धि भई २०७१ जेठ मसान्तमा ९०४.६ विन्दुमा पुगेको छ । सो सूचकाङ्क २०७० जेठ मसान्तमा ३५.६ प्रतिशतले वृद्धि भई ४९४.४ विन्दु कायम भएको थियो ।

१५. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ८८.४ प्रतिशतले वृद्धि भई २०७१ जेठ मसान्तमा रु. ९२२ अर्ब ८३ करोड कायम भएको छ । २०७१ जेठ मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४७.९ प्रतिशत रहेको छ । २०७० जेठ मसान्तमा यस्तो अनुपात २८.९ प्रतिशत रहेको थियो ।




१६. २०७१ जेठ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनीहरु सहित) को अंश ७५.८ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.२ प्रतिशत, होटलहरुको २.७ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ८.६ प्रतिशत र अन्यको १०.६ प्रतिशत रहेको छ ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७० जेठ मसान्तमा २२७ रहेकोमा २०७१ जेठ मसान्तमा २३९ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये २०६ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ५ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।


१८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १५.४ प्रतिशतले बढी २०७१ जेठ मसान्तमा रु. १४५ अर्ब ३५ करोड पुगेको छ । चालू आर्थिक वर्षको एघार महिनासम्ममा रु. ७ अर्ब २८ करोड ५२ लाख बराबरको साधारण शेयर, रु. ४ अर्ब ९६ करोड १० लाख बराबरको हकप्रद शेयर, रु. ६ अर्ब ६२ करोड १९ लाख बराबरको बोनस शेयर र रु. १ अर्ब ६० करोड बराबरको वाणिज्य बैंकको ऋणपत्र गरी कुल रु. २० अर्ब ४६ करोड ८२ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१९. आर्थिक वर्ष २०७०/७१ को जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर ९.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ८.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा

वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर १२.२ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः ७.७ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको थियो ।



चार्ट ५: उपभोक्ता मुद्रास्फीति (एघार महिना)

२०. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सवैभन्दा बढी अर्थात २७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.१ प्रतिशतले कमी आएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ११.४ प्रतिशत र ४.४ प्रतिशतले वृद्धि भएको सुर्तीजन्य पदार्थ उप-समूह र मदिराजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २५.३ प्रतिशत र २२.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा मासु तथा माछा उप-समूह र फलफूल उप-समूहको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १६.१ प्रतिशत र १४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १४.५ प्रतिशत र ९.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ७.० प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क भने समीक्षा अवधिमा १.६ प्रतिशतले घटेको छ ।

२१. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ११.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १०.० प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूह र स्वास्थ्य उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ९.४ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ११.५ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा मनोरञ्जन तथा संस्कृति उप-समूह र शिक्षा उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ८.२ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा उल्लिखित उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ६.३ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको थियो ।


२२. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी तराईमा १०.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने काठमाडौं उपत्यकामा ९.७ प्रतिशत र पहाडमा ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता मूल्य सूचकाङ्कहरुको वृद्धिदर तराईमा ८.४ प्रतिशत, काठमाडौं उपत्यकामा ८.२ प्रतिशत र पहाडमा ७.८ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२३. आर्थिक वर्ष २०७०/७१ को जेठ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ९.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ६.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ११.९ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ७.३ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ५.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.५ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ४.२ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ५.१ प्रतिशतले वृद्धि भएको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

२४. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १५.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ७.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क २६.५ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै वृद्धि भएको थिएन भने ज्यालादर सूचकाङ्कमा ९.१ प्रतिशतले वृद्धि भएको थियो ।




२५. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सैनिक तथा प्रहरी सेवा र निजामती सेवा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ४७.७ प्रतिशत, ३४.५ प्रतिशत र ३१.३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, कृषि मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २३.३ प्रतिशत, ८.४ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ ।


## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२६. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ५३ अर्ब ६९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ३२ अर्ब ९३ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च

२७. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १९.१ प्रतिशतले वृद्धि भई रु. ३०६ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी खर्च २.७ प्रतिशतले मात्र वृद्धि भई रु. २५७ अर्ब ४३ करोड रहेको थियो । समीक्षा अवधिमा चालू तथा पूँजीगत दुबै खर्चको वृद्धिदरमा विस्तार आएकोले कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।




२८. समीक्षा अवधिमा चालू खर्च २६.४ प्रतिशतले वृद्धि भई रु. २४० अर्ब ३७ करोड पुगेको छ ।

---


* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ शाखा मध्ये ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ शाखा मध्ये ४२ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको । त्यसैगरी जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त निकाशा विवरणमा आधारित रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी खर्च ०.९ प्रतिशतले मात्र वृद्धि भई रु. १९० अर्ब २२ करोड रहेको थियो । चालू वर्षको वार्षिक बजेट समयमा सार्वजनिक भएको तथा संविधानसभा निर्वाचन सम्पन्न गर्न भएको खर्च लगायतको कारण चालू खर्चमा वृद्धि भएको हो ।

२९. समीक्षा अवधिमा पूँजीगत खर्च ३४.३ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ३.७ प्रतिशतले घटेको थियो । चालू वर्षको वार्षिक बजेट समयमा सार्वजनिक हुनुको साथै बजेट खर्च गर्ने अख्तियारी एवम् कार्यक्रमको स्वीकृति समेत तत्कालै प्रदान भएको कारण पूँजीगत खर्चमा वृद्धि भएको हो ।

## सरकारी राजस्व

३०. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १९.७ प्रतिशतले वृद्धि भई रु. ३०८ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २२.० प्रतिशतले वृद्धि भई रु. २५७ अर्ब ४६ करोड पुगेको थियो । भन्सार र आयकर राजस्वको वृद्धिदरमा केही कमी आएको कारण समग्र राजस्वको वृद्धिदरमा समेत केही कमी आएको हो ।




३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व २०.५ प्रतिशतले वृद्धि भई रु. ९० अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १६.७ प्रतिशत रहेको थियो । मूल्य अभिवृद्धि कर चुहावट नियन्त्रणका साथै मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो ।

३२. समीक्षा अवधिमा भन्सार महशूलबाट प्राप्त हुने राजस्व १९.४ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ३३.४ प्रतिशतले वृद्धि भएको थियो ।

३३. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २४.९ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व २२.२ प्रतिशतले वृद्धि भएको थियो ।

३४. समीक्षा अवधिमा आयकर राजस्व १२.७ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व ३०.७ प्रतिशतले वृद्धि भएको थियो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व २०.१ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ९७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व १.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा सार्वजनिक संस्थानहरुबाट प्राप्त हुने लाभांश तथा राहदानी वापतको शुल्कमा वृद्धि भएकोले गैर-कर राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

## वैदेशिक नगद ऋण र अनुदान


३६. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. १४ अर्ब ५० करोड र वैदेशिक नगद अनुदानवापत रु. ३३ अर्ब ६८ करोड प्राप्त भएको छ । अघिल्लो

वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ९ अर्ब ३४ करोड र रु. २३ अर्ब ७१ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा कुल वस्तु निर्यात १६.९ प्रतिशतले वृद्धि भई रु. ८१ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ४.० प्रतिशतले मात्र वृद्धि भई रु. ६९ अर्ब ९३ करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुबैतर्फको निर्यातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा उच्च रहन गएको कारण वस्तु निर्यातको वृद्धिदर समीक्षा अवधिमा बढी रहेको हो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको जेठ महिनामा कुल वस्तु निर्यातमा वैशाख महिनाको तुलनामा ५.६ प्रतिशतले ह्रास आएको छ ।




३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको एघार महिनासम्मको २.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १७.५ प्रतिशतले बढेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको एघार महिनासम्मको अवधिमा ७.० प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १५.७ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको २.३ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा २.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २७ करोड ६५ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जिङ्क शिट, ढुङ्गा तथा वालुवा, अलैंची, जुस लगायतका वस्तुको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैचा, तयारी पोशाक, जडीवुटी र पश्मिना लयायतका वस्तुको निर्यातमा वृद्धि भएको छ ।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात २७.० प्रतिशतले बढेर रु. ६४५ अर्ब ७० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २१.२ प्रतिशतले वृद्धि भई रु. ५०८ अर्ब ६० करोड रहेको थियो । विशेष गरी भारत र अन्य मुलुक दुवैतर्फको आयात उच्च दरले बढेकोले कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो । मासिक रुपमा हेर्दा जेठ महिनामा कुल वस्तु आयात वैशाख महिनाको तुलनामा १०.३ प्रतिशतले बढेको छ ।

४०. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा कुल आयातमध्ये भारतबाट भएको आयात २८.६ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २३.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको एघार महिनासम्ममा १७.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २३.८ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको एघार महिनासम्ममा ७.६ प्रतिशत बढेको तुलनामा समीक्षा अवधिमा १०.१ प्रतिशले वृद्धि भई अमेरिकी डलर २ अर्ब १८ करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टस्, हट रोल्ड शिट इन क्वायल र धागो लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी सुपारी, कच्चा सोयाविन तेल, चाँदी, पोलिथिन ग्रान्युयल्स लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो ।

४१. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २८.६ प्रतिशतले वृद्धि भई रु. ५६३ अर्ब ९७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २४.५ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ३०.३ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा २७.४ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको एघार महिनाको अवधिमा १९.२ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २५.१ प्रतिशतले बढेको छ ।

४२. निर्यातको तुलनामा आयातको आधार तथा वृद्धिदर दुबै उच्च रहेको कारण निर्यात-आयात अनुपात समीक्षा अवधिमा १२.७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १३.७ प्रतिशत रहेको थियो ।


## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. १०९ अर्ब ५६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ५२ अर्ब ६९ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. ७७ अर्ब ८४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ४१ अर्ब ५६ करोडले बचतमा रहेको थियो । खासगरी खुद सेवा आय, खुद आय, अनुदान तथा विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिको कारण समीक्षा अवधिमा चालू खाता बचत उच्च रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा चालू खाता बचत ७८ करोड ५४ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता ४७ करोड १८ लाख डलरले बचतमा रहेको थियो ।

४४. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको एघार महिनासम्मको अवधिमा २४.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २८.८ प्रतिशतले बढी रु. ५४३ अर्ब २१ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा आय रु. १९ अर्ब ७३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ७ अर्ब १५ करोडले बचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको एघार महिनासम्मको अवधिको १८.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २८.१ प्रतिशतले बढी रु. ५७१ अर्ब ९८ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको एघार महिना अवधिको २१.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २६.४ प्रतिशतले वृद्धि भई रु. ४९० अर्ब ९५ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको एघार महिना अवधिको ११.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १२.२ प्रतिशतले वृद्धि भई ४ अर्ब ९९ करोड डलर पुगेको छ । मासिक रुपमा हेर्दा विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको वैशाख महिनाको तुलनामा जेठ महिनामा ०.४ प्रतिशतको सीमान्त दरले ह्रास आएको छ ।

## विदेशी विनिमय सञ्चिति

४५. २०७१ जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७० असार मसान्तको रु. ५३३ अर्ब ३० करोडको तुलनामा २१.४ प्रतिशतले वृद्धि भई रु. ६४७ अर्ब ६४ करोड पुगेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७० असार मसान्तको रु. ४५२ अर्ब ९९ करोडको तुलनामा २०७१ जेठ मसान्तमा २२.५ प्रतिशतले वृद्धि भई रु. ५५४ अर्ब ७१ करोड रहेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७० असारदेखि २०७१ जेठ



चार्ट १०: कुल विदेशी विनिमय सञ्चिति (जेठ मसान्त)

मसान्तसम्ममा २१.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर ६ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ११.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति २०.२ प्रतिशतले वृद्धि भई भा.रु. ८९ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १७.६ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७०/७१ को एघार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.२ महिनाको वस्तु आयात र ९.८ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७० जेठ मसान्तमा प्रति व्यारल अमेरिकी डलर १०५.१० रहेकोमा २०७१ जेठ मसान्तमा ७.९ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ११३.४२ पुगेको छ । अर्कोतर्फ, सुनको मूल्य २०७० जेठ मसान्तमा अमेरिकी डलर १३९१.२५ रहेको तुलनामा २०७१ जेठ मसान्तमा ८.५ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १२७३.० कायम रहेको छ ।

४७. २०७० असार मसान्तको तुलनामा २०७१ जेठ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.३ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.४ प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९५.३२ पुगेको छ । २०७० असार मसान्तमा उक्त विनिमय दर रु. ९५.० रहेको थियो ।